म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७३ बुधबार, ६ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 20 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौ,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं.
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं ।

*हरित पृथ्वी, सुरक्षित भविष्य ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

दुग्ध किसान र नागरिकको समस्या लिएर संसद्मा उत्रिए मकवानपुरे सांसद्द्वय गौतम र उप्रेती

# 'थाहामा आलुकै भात, तरकारी, अचार खानुपर्ने अवस्था'

मनिल महतो

हेटौंडा, ५ जेठ/ मकवानपुरका प्रतिनिधिसभा सदस्य प्रकाश गौतम र प्रशान्त उप्रेतीले जिल्लाका किसान र नागरिकले भोगिरहेका समस्यालाई संघीय संसद्मा उठाउँदै सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभा बैठकको शून्य समयमा क्षेत्र नम्बर १ का सांसद् गौतम र क्षेत्र नम्बर २ का सांसद् उप्रेतीले किसानले दूधको भुक्तानी नपाएकोदेखि सडकको दुरावस्थाका कारण सर्वसाधारणले भोग्नुपरेको कठिन अवस्थासम्मका विषय उठान गरे । सांसद् गौतमले मकवानपुरका दुग्ध किसान महिनौंसम्म दूध बिक्रीको रकम नपाएर आर्थिक संकटमा परेको बताए । उनकाअनुसार हाल जिल्लाका किसानको करिब ३१ करोड रुपैयाँ भुक्तानी बक्यौता रहेको छ ।

किसानले दैनिक उत्पादन गरेको दूध बिक्री गरेपनि समयमै रकम नपाउँदा उनीहरु ठूलो मारमा परेको उनले उल्लेख गरे । सांसद् गौतमले कृषिक्षेत्रमा किसानको निराशा बढ्दै गएको भन्दै उत्पादन गरेको वस्तुको उचित मूल्य र समयमै भुक्तानी सुनिश्चित गर्न सरकारसँग माग गरे । 'किसानले पसिना बगाएर उत्पादन गरेको वस्तुको मूल्य नपाउने अवस्था अन्त्य हुनुपर्छ,' उनले संसद्मा सुनाए । सांसद् गौतमले खुला सीमाका कारण भारतीय दुग्धजन्य वस्तुको प्रभाव बढ्दा नेपाली



किसानले उचित मूल्य नपाएको उल्लेख गर्दै सीमामा कडाइ गर्न सरकारसँग आग्रह गरे । स्वदेशी उत्पादनको संरक्षण र किसानको हितका लागि प्रभावकारी नीति आवश्यक रहेको उनको भनाइ थियो ।

वैशाख १४ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको छलफलमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले किसानसँग उधारोमा दुध खरिद गरेर भुक्तानी नदिएका निजी डेरी उद्योगलाई असार मसान्तभित्र रकम भुक्तानी गर्न निर्देशन दिएको थियो । दुग्ध उत्पादक किसानको भुक्तानी रोकेका मकवानपुरका ११ डेरी उद्योगसहित किसानका प्रतिनिधि र ाखेर छलफल गराएको हो । मकवानपुरमा संचालित ११ उद्योग वटा डेरी उद्योगबाट किसानले २०७८ सालदेखि १४ करोड ३५ लाख ६३ हजार भुक्तानी पाउन बाँकी छ । यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघले पनि किसानको भुक्तानी रोक्ने डेरी उद्योगहरुसंग छलफल गरेको थियो । बक्यौता रकम प्रत्येक महिना जम्मा गर्दै जाने र ६५ प्रतिशत बक्यौता यही असार मसान्तसम्म भुक्तानी गर्ने र बाँकी रहेको रकम असोज मसान्तसम्ममा पूर्णरुपमा रकम भुक्तानी गरिसक्ने प्रतिवद्धता उद्योगले जनाएका थिए ।

### "सडकको कारण सर्वसाधारण आइसोलेसनमा बस्नुपर्ने बाध्यता"

सांसद् उप्रेतीले मकवानपुरका दुर्गमक्षेत्र कैलाश, भीमफेदी, थाहा र राक्सिराङका नागरिकले सडकको अत्यन्त खराब अवस्थाका कारण ठूलो सास्ती भोग्नुपरेको बताए । उनले सडक अवरुद्ध र जीर्ण हुँदा बिरामीलाई अस्पताल लैजानसमेत समस्या हुने गरेको उल्लेख गर्दै हालै कैलाश गाउँपालिकामा उपचारका लागि समयमै अस्पताल पुऱ्याउन नसक्दा नवजात शिशुको मृत्यु भएको दु:खद घटना संसद्मा सुनाए ।

उनले अबको चार महिना वर्षायामभर ती क्षेत्रका नागरिक 'आइसोलेसन' जस्तै अवस्थामा बस्न बाध्यहुने अवस्था रहेको बताए । 'बिरामी पर्दा एम्बुलेन्स बोलाउन सक्ने अवस्था छैन, सडकका कारण जनजीवन नै कष्टकर बनेको छ,' उनले भने । सांसद् उप्रेतीले थाहा नगरपालिकाका किसानले उत्पादन गरेको आलुको मूल्य अत्यन्तै न्यून भएको र सडकको खराब अवस्थाका कारण काठमाडौंलगायत बजार पुऱ्याउन नसकेको गुनासो गरे । किसानले उत्पादन गरेको आलु बिक्री नभएपछि घरमै थन्किन बाध्य भएको उनले उल्लेख गरे । 'थाहामा अहिले आलुकै भात, आलुकै तरकारी र आलुकै अचार खाने अवस्था बनेको छ,' भन्दै उनले किसानको पीडा संसद्मा प्रस्तुत गरे ।

उनले ठेक्कामा गएका सडक आयोजनाको भौतिक प्रगतिविवरण तत्काल समीक्षा गर्न र निर्माण व्यवसायीको जिम्मेवारी सुनिश्चित गर्न सरकारसँग माग गरे । विकासनिर्माणका काममा ढिलासुस्ती र कमजोर अनुगमनका कारण ग्रामीण भेगका नागरिकले आधारभूत सेवाबाट वञ्चित हुनु परेको उनको भनाइ थियो । सस्तोमै आलु बेच्नु परेपछि मकवानपुरको थाहा नगरका कृषक लगानी नै नउठ्ने चिन्तामा छन् । थाहा नगर पालिकाको दामन, पालुङ, बज्रवराही, चित्लाङका कृषक यतिबेला धमाधम आलु खन्न व्यस्त छन् ।

उत्पादित आलुको मूल्य अत्यन्त न्यून भएको उनीहरुको गुनासो छ । व्यापारीले खेतमै गएर कृषकबाट अहिले सेतोआलु प्रतिकेजी १० र रातो प्रतिकेजी १२ रुपैयाँमा खरिद गरिरहेका छन् । १२ वडामा विभाजित थाहा नगरका बासिन्दाको मुख्य आम्दानीको स्रोत तरकारीखेती हो । सबैभन्दा बढी आम्दानीको हिस्सा ओगट्ने आलुको उत्पादन र मूल्यमा गिरावट आउँदा स्थानीयको आम्दानी नै प्रभावित हुने गर्छ । थाहाको ६ हजार ३ सय रोपनी जग्गामा आलुखेती गरिन्छ ।

# ऐतिहासिक 'तुछिमला भैरव प्याखँ' हेटौंडामा प्रदर्शन हुने



साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/नेपाली मौलिक कला र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले हेटौंडामा ऐतिहासिक एवम् सांस्कृतिक 'तुछिमला भैरव प्याखँ' प्रदर्शन गरिने भएको छ ।

नेप इभेन्ट्स इन्टरटेनमेन्टको आयोजनामा जेठ १५ गते नेवार समुदायको ऐतिहासिक एवम् सांस्कृतिक 'तुछिमला भैरव प्याखँ' प्रदर्शन गरिने भएको हो । 'हेरिटेजको प्रतिध्वनि' नाराकासाथ आयोजना गरिने कार्यक्रममा नेवार सम्प्रदायका विभिन्न कलासमेत प्रदर्शन हुनेछ । कार्यक्रमकी संयोजक निलम वैद्यका अनुसार भक्तपुरको तुलाछें टोलबाट करिब ६०० वर्षअघि (मल्लकालमा) सुरु भएको सांस्कृतिक 'तुछिमला भैरव प्याखँ' हेटौंडामा प्रदर्शन गरिने भएको हो ।

यो नाचको आफ्नै विशिष्ट पहिचानसहित नेवार समुदायको सांस्कृतिक तथा धार्मिक आस्था र सामुदायिक एकताको प्रतीकको रुपमा रहेको उनले बताइन् । देवी-देवताप्रति श्रद्धा प्रकटगर्न र समुदायमा शान्ति कायम गर्न नाच परम्परागतरुपमा नाचिँदै आएको उनले बताइन् । युवापुस्तालाई सांस्कृतिक जगेर्नामा प्रोत्साहन गर्न कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ । हेटौंडा-१ स्थित हिमालयन दरबार ब्यांक्वेटमा दिउँसो ४ बजेदेखि सुरु हुने कार्यक्रममा विभिन्न देवी-देवताका स्वरुपको रोचक नृत्य प्रदर्शन हुनेछ ।

कार्यक्रममा भैरव, महाकाली, बाराही, कुमारी र महालक्ष्मी लगायतको नृत्य प्रदर्शन, खिचा प्याखँ, कवाँचा प्याखँ: गरिने कार्यक्रम संयोजक वैद्यले बताइन् । उनका अनुसार आधुनिकताको बढ्दो प्रभावसँगै हराउँदै गएका मौलिक संस्कृतिलाई नयाँ पुस्तासम्म पुऱ्याउन र स्थानीय पर्यटन प्रवर्द्धन गर्न यो कार्यक्रम आयोजना गरिएको हो ।

भक्तपुर बाहिर ऐतिहासिक नाच प्रदर्शन हुनुले सांस्कृतिक आदानप्रदानमा ठुलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रमको अवलोकनका लागि प्रतिव्यक्ति टिकटदर एक हजार रुपैयाँ तोकिएको छ । कार्यक्रममा विभिन्न विधामा २५ जना बढीको नृत्य रहनेछ भने बाध्यबादनसहित करिब १०० जनाले प्रस्तुति दिनेछन् ।

# खैरोहेरोइनसहित दुई युवक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/हेटौंडा उपमहानगरपालिका-१० स्थित बलराम दास पेट्रोल पम्प अगाडिबाट प्रहरीले खैरोहेरोइनसहित दुईजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले बेलुका गस्ती गर्ने क्रममा शंकास्पद अवस्थामा रोकिराखेका दुई मोटरसाइकलमा सवार व्यक्तिलाई जाँच गर्दा लागूऔषध फेला परेको हो । प्रहरीकाअनुसार बा.प्र.०२-०४६ प ६९८३ नम्बरको केटीएम ड्यूक र बा.प्र.०३-००५ प ५०१८ नम्बरको क्रसफायर मोटरसाइकलमा रहेका हेटौंडा-८ निवासी २५ वर्षीय विशाल देउला र राक्सिराङ गाउँपालिका-३ निवासी २२ वर्षीय प्रतीक ठकुरीलाई नियन्त्रणमा लिइएको छ ।

उनीहरुको साथबाट ३७० मिलिग्राम खैरोहेरोइन बरामद भएको प्रहरीले जनाएको छ । बरामद लागूऔषधसहित दुवैजनालाई पक्राउ गरी लागूऔषधसम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको छ । यस सम्बन्धमा मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# ढकमक्क फूलेका फूलले चम्कियो हेटौंडा

हरित नगरीको उपनामले चिनिने हेटौंडा बजारको मुख्य क्षेत्र यतिबेला खण्डहर जस्तै बनेको छ । सडकको सीमाक्षेत्र २५ मिटरमा पर्ने घर टहरा हटाउन सरकारले करिव ६ महिना अघि डोजर चलाएपछि बजारक्षेत्र खण्डहर बनेको हो । तर, हेटौंडा उपमहानगरका सडक, पार्क र सार्वजनिकस्थलमा यतिबेला ढकमक्क फूलेका रंगीचंगी फूलले सहरको रुप नै फेरेको छ । सडक छेउ, डिभाइडर र चोक-चौतारामा सजाइएका फूल तथा हरियालीले हेटौंडालाई साँच्चिकै 'फूलैफूलको सहर'को पहिचान दिलाउन खोजेका छ । व्यस्त बजार, धूलो-धुवाँ र ट्राफिकको चापबीच पनि हरियाली र फूलको सौन्दर्यले सहरलाई स्वच्छ, शान्त र मनमोहक बनाइदिएको छ । हेटौंडा सधैंजसो औद्योगिक तथा प्रशासनिक सहरकारुपमा चिनिंदै आएको हो । तर, पछिल्ला वर्षहरुमा सहरलाई हरित, स्वच्छ र बस्नलायक बनाउने अभियानले यसको छवि क्रमश: परिवर्तन गरिरहेको देखिन्छ ।

कान्तिराजपथदेखि भैरवरोड, हुप्राचौर, कमानेलगायत क्षेत्रमा सडक किनार र डिभाइडरमा फूलेका मौसमी फूलले यात्रु, व्यापारी र सर्वसाधारणलाई सुखद अनुभूति गराइरहेका छन् । पार्क तथा खुला स्थानमा सजाइएका फूलबारीले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान तानेको छ, जसले सहरको सौन्दर्यसँगै पर्यटन सम्भावनालाई समेत उजागर गरेको छ । परिवर्तनको पछाडि स्थानीय सरकारको योजनाबद्ध पहल महत्वपूर्ण छ । हेटौंडा उपमहानगरले १९ वटै वडामा फलफूल तथा मौसमी फूलका बिरुवा वितरण गर्दै वृक्षरोपण र हरियाली प्रवर्द्धन अभियानलाई निरन्तरता दिएको जनाएको छ । केवल एक-दुई स्थानमा सीमित नभई सहरभरि समानरुपमा हरियाली विस्तार गर्ने नीति आफैंमा सकारात्मक हो । यसले सहरको सौन्दर्य बढाउनुका साथै वातावरणीय सन्तुलन, वायु गुणस्तर सुधार र नागरिकको मानसिक स्वास्थ्यमा योगदान पुऱ्याउँछ । हरियाली र फूलको महत्व केवल दृश्य सौन्दर्यमा सीमित छैन । वैज्ञानिकरुपमा हेर्दा, सहरमा पर्याप्त हरियाली हुँदा तापक्रम सन्तुलनमा मद्दत पुग्छ, धूलो-धुवाँ कम हुन्छ र जैविक विविधता संरक्षणमा योगदान पुग्छ । विशेषगरी बढ्दो सवारीसाधन र औद्योगिक गतिविधिका कारण प्रदूषणको जोखिम बढिरहेको हेटौंडाजस्तो सहरका लागि यस्तो पहल अत्यन्त आवश्यक छ । फूल र रुखले सहरलाई 'कङ्क्रिटको जंगल' बन्नबाट जोगाउँदै मानवीय र प्राकृतिक जीवनबीचको सन्तुलन कायम गर्छ । यद्यपि, यस अभियानलाई दीर्घकालीन र प्रभावकारी बनाउन केही पक्षमा विशेष ध्यानदिनु जरुरी छ ।

पहिलो, रोपिएका बिरुवाको नियमित स्याहार-सम्भार सुनिश्चित हुनुपर्छ । धेरै सहरमा वृक्षरोपण त गरिन्छ तर, पानी, संरक्षण र व्यवस्थापनको अभावमा बिरुवा सुक्ने र मर्ने समस्या देखिन्छ । दोस्रो, मौसमी फूलसँगै दीर्घकालीन हरियाली दिने रुख र झाडीको अनुपात बढाउनुपर्छ । यसले सहरलाई वर्षभरि हरियो राख्नेछ । तेस्रो, नागरिक सहभागिता अत्यन्त महत्वपूर्ण छ । स्थानीय बासिन्दा, विद्यालय, सामाजिक संस्था र व्यवसायीलाई हरियाली अभियानमा जोड्नसके सहरप्रतिको अपनत्व र जिम्मेवारीभाव बढ्छ । सडकछेउका फूलबारी संरक्षण, फोहोर नफाल्ने संस्कार र सार्वजनिक सम्पत्तिको सम्मानजस्ता व्यवहार विकास भएमात्र सहर साँच्चिकै स्वच्छ र सुन्दर रहन सक्छ । हेटौंडामा देखिएको 'फूलैफूलको सहर'को छवि केवल सौन्दर्य प्रदर्शनमा सीमित नरही दिगो सहरी विकासको नमूना बन्ने सम्भावना पनि छ । यदि यो अभियानलाई योजनाबद्ध, समावेशी र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढाइयो भने हेटौंडा अन्य सहरका लागि प्रेरणादायी उदाहरण बन्न सक्छ । हरियाली र फूलले सजिएको सहर केवल आँखालाई रमाइलो लाग्ने स्थानमात्र होइन, स्वस्थ, सुखी र समृद्ध जीवनशैलीको आधार पनि हो । हेटौंडाले थालेको यो यात्रालाई निरन्तरता दिनु आजको आवश्यकता हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ७ गते बिहीबार २१ मे २०२६ । पञ्चमी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१४ सूर्यास्त ६:४८ । विश्व संस्कृति दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# एसईई-२०८२ मकवानपुरको संक्षिप्त नतिजा बिश्लेषण



✍रमेश प्रसाद लामिछाने
हेटौंडा, मकवानपुर

कक्षा १२ सम्म विद्यालयतहको शिक्षा भनिएपछि कक्षा १० को अन्तमा लिईने एसईई परीक्षालाई बिगत झैं चर्चित बनाईनुमा परम्परागत ह्याङ ओभरले काम गरेको भन्न सकिन्छ । यो परीक्षालाई प्रदेशतहबाट संचालन तथा ब्यवस्थापन गर्ने भनि किटानी गरिएको छ । गत वर्षहरुकै निरन्तरता भएता पनि उत्तरपुस्तिका परिक्षणमा भने यो पटक चाँडो मात्र हैन, सम्बन्धित परीक्षा केन्द्रमै जाँच्ने काम भएको थियो ।

चैत्र १८ गतेबाट शुरु भै २७ गते सकिएको परीक्षाको नतिजा वैशाख २८ गते नै प्रकाशन हुनुलाई सकारात्मक मानिएको छ । गरे सकिन्छ भन्ने म्यासेज यो परीक्षाको नतिजाले सिद्ध गरेको छ । यद्यपि उपु परिक्षणमा सम्बन्धित विद्यालय तथा शिक्षकहरुको आपसी सल्लाह र हस्तक्षेपका प्रसंगहरु पनि बाहिर आएका थिए । शायद, उच्च ग्रेडको संख्या बृद्धिले कतिपय केन्द्रहरुमा केहि समझदारी भएछ भन्ने साबित गर्छ नै । गत वर्षको तुलनामा ४.१७ प्रतिशतले बृद्धि भै यस वर्ष ६५.९८ प्रतिशत विद्यार्थीहरु कक्षा ११ मा प्रवेशका लागि योग्य अर्थात ग्रेडेड भएका छन् ।

केन्द्राध्यक्षकै जिम्मेवारीमा भएको उपु परिक्षणले शिक्षकहरु आफ्नो कर्तब्यप्रति जिम्मेवार छन् भन्ने पुष्टि गरेको स्पष्ट छ । परीक्षा बोर्डका अनुशार नियमित तर्फ कूल ४,४१,५६६ जनाले परीक्षा आवेदन फर्म भरेकोमा परीक्षामा सहभागी भने ४,३०,६६७ जना भएको जनाईएको छ । फर्म भरेर १०,८९९ जना परिक्षार्थीहरु जाँचमा सहभागी देखिएनन् । वि.सं. २०८१मा एसईई नियमित तर्फको परीक्षा दिने ४,३८,८९६ जना भएको र वि.सं.२०८२ मा यो संख्या ८,२२९ ले घटेर ४,३०,६६७ जनाले मात्र परीक्षा दिएको पाईन्छ ।

परीक्षा बोर्डका अनुशार, प्रदेश स्तरबाट एसईईलाई हेर्दा सबैभन्दा बढि विद्यार्थी बागमती प्रदेशबाट ९८,८१७ जना सहभागी मध्ये ७८.०४ प्रतिशत विद्यार्थी ग्रेडेड हुन सफल भए भने २१,७०४ जना अर्थात २१.९६ प्रतिशत विद्यार्थी नन ग्रेडेड भएका छन् । दोश्रोमा सबैभन्दा बढि मधेश प्रदेशबाट ७६,३१७ जना सहभागी मध्ये ५८.४३ प्रतिशत मात्र ग्रेडेड भएका र बाँकी ३१,७२५ जना अर्थात ४१.५७ प्रतिशत विद्यार्थी नन ग्रेडेड भएको देखिन्छ ।

त्यसैगरि तेश्रोमा सबै भन्दा बढि विद्यार्थी कोशी प्रदेशबाट ७२,२५६ जना सम्मिलित भएकोमा ७०.४३ प्रतिशत ग्रेडेड भएका र २९.५७ प्रतिशत अर्थात २१,३६६ जना मात्र नन ग्रेडेड भएको जनाईएको छ । चौथोमा लुम्बिनी प्रदेशबाट ७२, १४९ जना सहभागी भएकोमा ६१.३४ प्रतिशत ग्रेडेड र ३८.६६ प्रतिशत अर्थात २७,८९३ जना नन ग्रेडेड भएका छन् । पाँचौमा सुदुर पश्चिम प्रदेशबाट ४२,२९९ जना मध्ये ५१.२२ प्रतिशत मात्र सफल भएका र बाँकी ४८.७८ प्रतिशत अर्थात २०,६३५ जना विद्यार्थीहरु नन ग्रेडेड भएको भनिएको छ ।

त्यसै गरि छैटौंमा गण्डकी प्रदेशबाट ३६,४९३ जना सम्मिलित भएकोमा ७२.७५ प्रतिशत विद्यार्थीहरु ग्रेडेड भएका र बाँकी २७.२५ प्रतिशत अर्थात ९,९४३ जना नन ग्रेडेड भएको भनिएको छ । सात प्रदेश मध्ये सातौमा सबै भन्दा कम विद्यार्थी कर्णाली प्रदेशबाट ३२,३३६ जना सहभागी भएकोमा ५९.०५ प्रतिशत ग्रेडेड हुन सफल भएका र बाँकी १३,२४१ ज्ना अर्थात ४०.९५ प्रतिशत विद्यार्थीहरु नन ग्रेडेडमा परेका छन् । सबैभन्दा राम्रो नतिजा बागमती प्रदेशको देखिदा सुदुर पश्चिम प्रदेशको सबैभन्दा कमजोर नतिजा देखिन्छ । बागमती, गण्डकी र कोशी प्रदेशहरुको मात्र राष्ट्रिय पतिशत भन्दा माथि छ भने बाँकी ४ प्रदेशहरु लुम्बिनी, कर्णाली, मधेश र सुदुर पश्चिम प्रदेशहरुको नतिजा राष्ट्रिय प्रतिशत भन्दा कमजोर देखिएको छ ।

कुनैबेला परीक्षा हेर्न परे मकवानपुर जानु भन्ने कथन मुलुकभर चलेको थियो । बिगतमा परीक्षाको सबालमा राष्टूकै ध्यान आकर्षण गर्न सफल मकवानपुर जिल्लाको एसईईको नतिजा गत वर्ष भन्दा करिब ५ प्रतिशतले वृद्धि हुँदा यस वर्ष शुन्य ग्रेडेड हुने विद्यालयको संख्या ७ बाट घटेर ४ मा झरेको छ । राष्ट्रिय नतिजाको प्रतिशत भन्दा १४.९९ प्रतिशतले कम नतिजा देखिनु पक्कै राम्रो भन्न सकिन्न । यद्यपि ६ वटा संस्थागत विद्यालयले शत प्रतिशत नतिजा निकालेका छन् । जिल्लाको १० वटा स्थानिय तहमध्ये राक्सीराङ गाउँपालिकाका ३ वटा विद्यालयहरु नील भएका छन् भने भिमफेदी गाउँपालिकाको १ विद्यालय निल भएको छ ।

अन्य पालिकाहरुको पनि नतिजा कमजोर देखिएका छन् । विद्यालयहरुको प्रयास नभएको होईन । कतिपय पालिकाले परिक्षार्थीलाई क्लोज क्याम्पमा राखेर धेरै मेहनत गरेका थिए । हेटौंडा नगर लगायतका अधिकाँश पालिकामा अतिरिक्त कक्षाहरु सत्र भरि नै चलिरहेका थिए । हेटौंडा उपमहानगर र थाहा नगर लगायतका अधिकांश विद्यालयहरुमा विषयगत शिक्षक ब्यवस्थापन सबल भएको स्विकार्नै पर्दछ । नतिजा सुधारका लागि भएका मिटिङ्ग, गोष्ठि, भेला, छलफल, वर्कशप, अन्तरक्रियाहरुमा सम्बन्धित पालिकाहरुको चासो, जाँगर र लगानीलाई सकारात्मक रुपमा हेरिएको थियो । राम्रा विद्यालयहरुको भ्रमण, अवलोकन, शेयरिङ्ग र असल अभ्यासहरुको अनुशरण पनि नभएका होईनन् । यी सबै प्रयत्नहरु नतिजामा किन देखिएनन् भन्ने सबाल नै गम्भिर बनेको छ ।

अन्तमा, प्रस्तुत नतिजा हाम्रो सन्दर्भमा सन्तोषजनक पटक्कै छैन । एउटा मात्र कोणबाट नभै नतिजा बिश्लेषणका आधारहरु धेरै हुन सक्छन् । विद्यार्थी संख्यालाई पहिलो आधार मानिन्छ । यो ग्रेडेड प्रतिशत हो । त्यस्तै उच्च जिपिए प्राप्त गर्ने विद्यार्थीहरुको संख्या अर्को आधार हो । यो नतिजाको गुणस्तरका कोणबाट बुझिन्छ । कक्षा ९को नतिजालाई पनि यो नतिजा संग जोडेर हेर्न पर्छ भन्ने अर्को अधार पनि छ ।

मकवानपुरको एसईई नतिजाले यस पटक पनि सम्बन्धित स्थानीय तह र विद्यालयहरुको गम्भिर ध्यानाकर्षण गरेको छ । हामी कहाँ चुक्यौ भनेर गम्भिर समिक्षा गरिनु पर्दछ । कक्षा १० मा पुगेपछि मात्र मेहनत गर्ने गराउने संस्कार नै मूल समस्या हो । जग कमजोर भए घर बलियो हुँदैन भन्ने हामी नै हौं । तर, कक्षा १ देखि नै शिक्षण सिकाई क्रियाकलापहरुमा दिनुपर्ने जोड र ध्यान नपुगेकै कारणले आजको अवस्था आईपुगेको हो । कक्षा ३ सम्म लिखित जाँच पर्दैन भन्यौं । अहिले कक्षा ५ सम्म लिखित परीक्षा आवश्यक छैन भनिरहेका छौं । कक्षा ७ सम्म उदार कक्षोन्नती भन्दै वर्ष बितेपछि कक्षा प्रमोशन गर्ने गराउने पनि अरु त होईनन् ।

शिक्षण सिकाईका सीपहरु सुनाई,बोलाई, पढाई र लेखाई यी चारै सीपहरुको निरन्तर अभ्यास नभएकाले र नगराएकाले आजको नतिजा देख्न परेको हो । निरन्तर मूल्याङ्कनलाई औपचारिकतामा सिमित गरिनु पनि यस्को प्रमुख कारक भन्नै पर्दछ । स्थानिय तहमा संचालन हुने कक्षा ८ को परीक्षामा पनि गम्भिरता देखिइको छैन । शिक्षक तथा अभिभावकले विद्यार्थीको कक्षा प्रमोशन भन्दा पनि सिकाई उपलब्धिलाई प्राथमिकता दिनु पर्दछ । विद्यार्थीको ब्यवहारमा सिकाई उपलब्धिका कारणले आउने परिवर्तन निश्चय नै राम्रो नतिजाका लक्षण मानिन्छन् ।

# त्रिभुवन विश्वविद्यालय: आधारभूत व्यवस्थापनमै चुनौती

✍डा. राजेन्द्रप्रसाद कोइराला

त्रिभुवन विश्वविद्यालय केही वर्षयता विभिन्न सञ्चारमाध्यमका छाइरहेको छ, समाचारका शीर्षकहरूमा । समाचार सकारात्मक र नकारात्मक दुवै आशयका हुन्छन् । विश्वविद्यालयले गरेका कमजोरीको विषयमा उठाइएका समाचारहरूलाई नकारात्मक भन्न मिल्दैन । तर, वास्तविकता नबुझी तोडमोड पारिएका समाचार-लेख नकारात्मक हुन् । स्वाभाविक रूपमा ठूलो विश्वविद्यालयका थुप्रै कमजोरी हुन सक्दछन् भने कतिपय अवस्थामा वास्तविकता भन्दा पर गएर समाचार लेखिएको प्रतीत हुन्छ । यति ठूलो विश्वविद्यालयका बारेमा यो एक छोटो लेखले पक्कै सबै पक्षलाई समेट्दैन । तैपनि केही आधारभूत पक्षहरूको बारेमा चर्चा गर्न खोजिएको हो । विश्वविद्यालयका बहुआयामिक पक्ष हुन्छन्, तिनीहरूमध्ये शैक्षिक तथा भौतिक व्यवस्थापन पक्षले ठूलो महत्व राख्दछ । यस लेखमा शैक्षिक पक्षको केही चर्चाका अतिरिक्त व्यवस्थापन पक्ष अन्तर्गत तत्कालै सुधारका लागि गरिनुपर्ने कार्यहरूको बारेमा उल्लेख गरिएको छ ।

**विश्वविद्यालयको शैक्षिक अवस्था**

विश्वविद्यालयको शैक्षिक गुणस्तर मापनका विभिन्न आधार हुन्छन् । शैक्षिक तहमा विद्यार्थी उत्तीर्ण प्रतिशत, विद्यार्थी संख्या, कक्षाकोठामा हुने शिक्षण सिकाइको विधि, खोज अनुसन्धान सम्बन्धी कार्य तथा यसको गुणस्तर आदि । शैक्षिक मापदण्डका आधारबाट हेर्दा विश्वविद्यालयको शैक्षिक अवस्था सुधारात्मक नै देखिन्छ । विगत दश वर्षयता शिक्षण सिकाइ विधिको अतिरिक्त खोज, अध्ययन अनुसन्धानका कार्यहरू उल्लेख्य वृद्धि भएको छ । शिक्षण पद्धतिका नवीनतम प्रविधिको प्रयोग भएको छ भने खोज अनुसन्धान सम्बन्धी कार्य तथा जर्नलमा प्रकाशित कृतिहरूको संख्या र गुणस्तरमा निकै नै विकास भएको छ । तैपनि काम गर्नेको भन्दा बोल्नेकै आवाज ठूलो तथा पढ्नेको भन्दा पढे जस्तो गर्नेकै आवाज उँचो हुँदा समुदायमा नकारात्मक सन्देश बढी प्रसारित भएको छ ।

विश्वविद्यालयभित्र भइराखेका पठनपाठन तथा अनुसन्धान सम्बन्धी कार्यहरूको बारेमा समाजमा सूचित गर्न नसक्दा धेरै विद्यार्थीले वास्तविकता थाहा नपाएर विदेश यात्रा समेत तय गर्ने गरेका छन् । यद्यपि शिक्षाका लागि विदेशी विश्वविद्यालय जानु नराम्रो कुरा होइन, तर पलायनको बाटो नै रोज्नु सोचनीय विषय हो ।

**कक्षाकोठा र फर्निचरकै अभाव**

शैक्षिक गुणस्तरमा सुधार गर्न पहिले आधारभूत भौतिक व्यवस्थापन पक्ष ठिक हुनुपर्छ । शैक्षिक अवस्था आशातित हुँदाहुँदै पनि भौतिक पूर्वाधारको पक्ष सन्तोषजनक नरहेकाले पनि शैक्षिक गुणस्तरमा सोचेजस्तो सुधार हुनसकेको छैन । प्राध्यापक, कर्मचारी तथा विद्यार्थीका लागि आवश्यक कक्षाकोठा, अनुसन्धान सम्बन्धी प्रयोगशाला तथा कार्यालयहरू उराठलाग्दा छन् । विश्वविद्यालयका कतिपय केन्द्रीय विभागदेखि विभिन्न क्याम्पसमा प्राध्यापकहरू एकै समयमा आ-आफ्नो कार्यालय उपस्थित भएको अवस्थामा सबैका लागि बस्ने ठाउँ छैन । कोही सरासर कक्षाकोठामा प्रवेश गर्ने, कोही प्रयोगशालातिर लाग्ने तथा कोही चौरमै विद्यार्थीसँग छलफलमा रहने हुनाले हालसम्म काम चल्दै आएको छ ।

प्रशासनले पनि सबैलाई कार्यालयभित्र बोलाउन अप्ठेरो महसुस गर्छ किनभने सबै शिक्षक कर्मचारी भित्र प्रवेश गर्दा बस्ने ठाउँ नै हुँदैन । कम्तीमा एक जनाका लागि १ कुर्सी र १ टेबलसम्म भइदिए पनि कक्षा तयारी तथा विद्यार्थीसँग कुराकानी गर्न सहज हुन्थ्यो । आवश्यक भौतिक पूर्वाधार नहुँदा अध्ययन गर्नेका लागि अप्ठेरो र जिम्मेवारीबाट भाग्न चाहनेका लागि बहाना समेत बनेको छ ।

अर्कोतिर, प्रत्येक क्याम्पसमा केही कक्षाकोठा बिग्रेका, भाँचिएका काम नलाग्ने फर्निचरहरूले भरिएका छन् । यसले एकातिर प्राध्यापक, विद्यार्थीका लागि कक्षाकोठा अभाव भएको छ भने अर्कोतिर थुप्रिएका सामान दिनदिनै कुहिने र सड्ने समस्या देखिएका छन् । काम नलाग्ने यस्ता सामानहरू बिक्री-वितरण गर्ने प्रक्रिया यति झन्झटिलो छ कि कसैले सही नियतले नै कार्य गर्दा पनि आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षणमा समस्या हुन्छ । यसको विधि पुऱ्याउन कठिन हुने हुनाले कसैले पनि यसको व्यवस्थापन गर्ने आँटै गर्दैन, बरु बिग्रोस् भन्ने अवस्था आउँछ । यसका साथै शौचालय र शुद्ध खानेपानीको व्यवस्था अत्यन्तै कमजोर छ । विशेषगरी छात्राहरूका लागि उचित शौचालय र अत्यावश्यक सामग्रीको व्यवस्था नहुँदा विश्वविद्यालयमा भर्ना हुने इच्छा हुँदाहुँदै पनि ती विद्यार्थी भर्ना नै नभएका प्रशस्त उदाहरण छन् । सुन्दा सामान्य लाग्ने यी समस्या शैक्षिक संस्थाका लागि आधारभूत तत्वहरू नै हुन् । यस्ता कार्यहरू गर्न सकिने भए पनि हालसम्म समाधान हुनसकेको छैन ।

**कार्य सम्पादनमा समस्या**

दैनिक प्रशासनिक कार्य सम्पादनमा सूचनाप्रविधिको प्रयोग अझै कमजोर छ । त्यति मात्र होइन प्रविधिप्रतिको बुझाइ पूर्ण हुनसकेको छैन । टाइप र प्रिन्ट गर्न सक्नेलाई प्रविधि जानेको जनशक्ति भन्ने भ्रम समेत छ । कतिपय कार्यालयहरूले प्रविधिलाई अपनाउने प्रयास गरे पनि धेरैजसोमा उही फाइलको धुलो टक्टक्याउने कार्यले छोडेको छैन । फाइलमा राखिएका विवरणलाई पूर्ण रूपमा डिजिटलाइजेसन गर्न सके यस्ता सानातिना समस्याहरू सजिलै समाधान हुन्थ्यो भने जनशक्तिको अभाव पनि हुँदैनथ्यो ।

अहिलेको मूल समस्या आफू प्रविधि नजान्ने र कामका लागि जनशक्ति अभाव भयो भनेर उम्किने प्रवृत्ति हो । अर्को कमजोर पक्ष उपयुक्त जनशक्तिको उचित स्थानमा व्यवस्थापन हुन नसक्नु हो । पहुँचको आधारमा सहज स्थानमा सरुवा हुने रोग नै छ । पछिल्लो समय विश्वविद्यालयभित्र कर्मचारीहरूका लागि समय-समयमा कार्य सम्पादन सम्बन्धी प्राविधिक तालिमको व्यवस्था नभएको पनि होइन । तैपनि तालिमको लाभ प्राविधिक कार्यका लागि भन्दा बढुवामा नम्बर प्राप्तिको उद्देश्यमा सीमित देखिन्छ । तालिम सकेपछि कार्य पद्धति उस्तै रहन्छ । परीक्षा नियन्त्रण कार्यालय जस्तो संवेदनशील ठाउँमा समेत प्राविधिक जनशक्तिको उचित व्यवस्थापन हुनसकेको छैन, समयमा परीक्षाफल प्रकाशित हुन नसक्नु यही नै मुख्य कारण हो । निरन्तर काममा खटिन सक्ने तथा सफ्टवेयर सम्बन्धी राम्रो ज्ञान भएका कर्मचारीहरूलाई व्यवस्थापन गर्न सके यो समस्या समाधान हुन्छ । विश्वविद्यालयसँग त्यस्ता प्राविधिक दक्षता भएका र समर्पित कर्मचारी नभएका पनि होइनन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) ले पाँच लाखभन्दा बढी विद्यार्थीको परीक्षाफल एक महिनाभित्र प्रकाशित गर्न सक्छ भने विश्वविद्यालयले एक महिनामा नसके दुई महिनाभित्र परीक्षाफल प्रकाशित गर्न किन सक्दैन'

**सेवाग्राहीप्रतिको व्यवहारमा सुधार आवश्यक**

विश्वविद्यालयमा आफ्नो काम लिएर आउने सेवाग्राहीप्रतिको व्यवहार उदेकलाग्दो छ । यहाँ आउने सेवाग्राही देशैभरिबाट तथा कतिपय विदेशका समेत हुन्छन् । उनीहरूमध्ये कति त निकै हतारमा पनि हुन्छन् । उनीहरूलाई आफ्नो कामको लागि कुन ठाउँ, कुन कोठामा जानुपर्ने हो थाहा हुँदैन । जहाँ सहज हुन्छ त्यही ठाउँमा सोध्छन् । उनीहरूको आकांक्षा ठूलो पनि हुँदैन, मात्र सही स्थानको जानकारी लिन चाहन्छन् । तर सेवाग्राहीप्रतिको व्यवहार यति कमजोर छ कि उनीहरूको समस्या आफ्नो जस्तै हो भन्ने महसुस नै हुँदैन । कति त बोल्दै नबोल्ने र कतिमा बोले पनि साह्रै रूखो व्यवहार हुन्छ, जसको कारण सेवाग्राही हार खाएर अर्को कोठातिर लाग्छ । विश्वविद्यालयले आफ्ना जनशक्तिलाई सेवाग्राही-आचरण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने महसुस भएको छ ।

विश्वविद्यालयले कार्यालय समयमा सामाजिक सञ्जाल (फेसबुक, टिकटक र युट्युब) को प्रयोगमा नियन्त्रण गर्नुपर्ने अवस्था छ । यी एक प्रकारका डिजिटल नशा हुन्, यिनीहरूले विस्तारै नजानिंदो लत बसालिराखेका हुन्छन् । यस्ता लतले दैनिक कार्यमा ह्रास ल्याउँछ । यस्ता सामग्री नहेरे पनि जीवन चल्ने कुरा हुन्, अझ कार्यालय समयमा त हानिकारक नै हुन्छन् । यस्ता श्रव्यदृश्य नशाले अनावश्यक उत्तेजना पैदा गर्छन्, जसको प्रतिक्रिया कहिलेकाहीं सेवाग्राहीमा पोखिन सक्छ, जुन घातक हुन्छ ।

**व्यवस्थापनमा पुनर्संरचनाको आवश्यकता**

विश्वविद्यालयको व्यवस्थापनमा पुन:संरचनाको आवश्यकता छ । कतिपय स्थानमा आवश्यकता भन्दा बढी र कुनै स्थानमा जनशक्ति अपुग छ । यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुरको उदाहरण लिन सकिन्छ । यहाँ प्रत्येक विभागमा छुट्टाछुट्टै प्रशासन र लेखा सञ्चालित छन् । २०८१ सालको स्ववियु निर्वाचनको बखत तीन वटा सेमेस्टर सँगसँगै सञ्चालित थिए । तर, शैक्षिक क्यालेन्डर अनुसार नियमित कक्षा सञ्चालन हुँदा एकै समयमा दुईवटा मात्रै सेमेस्टर सञ्चालन हुनुपर्छ । तीनवटा सेमेस्टर लगातार सञ्चालन हुँदाको अवस्थामा पनि जम्मा ६१ सय भन्दा केही बढी विद्यार्थी थिए, जसमध्ये ५०.५३ प्रतिशत (३ हजारभन्दा केही बढी) विद्यार्थीले मतदान गरेका थिए । अहिलेको अवस्थामा २ सेमेस्टर नियमित सञ्चालन हुँदा चार हजारको हाराहारी हुन्छन्, यति विद्यार्थीको व्यवस्थापन गर्न ४५ वटा कार्यालयहरू छन्, हरेकमा प्रशासन छ र लेखा छ । कम्तीमा शैक्षिक व्यवस्थापनको जिम्मेवारी हरेक विभागमा दिएर आर्थिक व्यवस्थापन एकीकृत गर्न सके बोझिलो जनशक्ति व्यवस्थापन सहज हुनेथियो भन्ने लाग्छ । साथै अन्य क्याम्पसहरूका लागि पनि संरचनागत सुधारको उत्तिकै जरूरी छ ।

एकातिर त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खु छ भने, अर्कोतिर परीक्षा सञ्चालनका लागि प्रत्येक डीन कार्यालयमा एउटा परीक्षा विभाग नै छ । प्रत्येक डीन कार्यालयमा एक जना परीक्षा सम्बन्धी कार्य हेर्ने सहायक डीनको समेत व्यवस्था छ । हरेक डीन कार्यालयले स्नातकोत्तर, एमफिल र पीएचडीका परीक्षा सञ्चालन गर्दछन् । अर्कोतिर, परीक्षा नियन्त्रण कार्यालय, बल्खुले स्नातक तहको परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने, प्रमाणपत्र तथा लब्धाङ्क पत्र तयार गरी वितरण गर्ने गर्दछ । वास्तवमा डीन कार्यालयले शैक्षिक क्यालेन्डर तयार गर्ने, नीति निर्माण गर्ने, आफ्नो मातहतका विभागहरूमा खोज अनुसन्धान सम्बन्धी कार्यहरूलाई व्यवस्थित गर्ने, पाठ्यक्रम सुधार सम्बन्धी कार्य तथा आवश्यक प्रशासनिक कार्य सञ्चालन गर्ने हो । डीन कार्यालयले उपरोक्त कार्यहरू गरेका त छन् तर महत्वपूर्ण समय परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा बिताएको छ । डीन कार्यालयले सञ्चालन गरेको परीक्षाको विवरण तयार गरी पठाएको तथ्याङ्कको आधारमा परीक्षा नियन्त्रण कार्यालय बल्खुले प्रमाणपत्र र लब्धांक पत्र दिने कार्य गर्दछ । यो विधि वैज्ञानिक र सान्दर्भिक पनि छैन । जसले परीक्षाफल प्रकाशित गऱ्यो, त्यसैले लब्धांक पत्र दिन उपयुक्त हो भन्ने लाग्छ । सम्पूर्ण परीक्षाको जिम्मेवारी एउटै परीक्षा नियन्त्रण कार्यालयले गराएमा यस्ता विरोधाभास कुराहरू हटेर जाने निश्चित छ ।

**विश्वविद्यालयको जग्गा-जमिन र भवन माथिको अतिक्रमण**

अहिलेको निकै ज्वलन्त विषय विश्वविद्यालयको जग्गा-जमिन र भवन माथिको अतिक्रमण हो । त्रिभुवन विश्वविद्यालय अन्तर्गत देशैभरिका क्याम्पसहरूमा जग्गा अतिक्रमण भएको तथा विश्वविद्यालयले आफैं निर्माण गरेका भवनमा समेत बाहिरबाट कब्जा गरिएको अवस्था छ । यसको प्रत्यक्ष उदाहरणको लागि टाढा जानुपर्दैन, त्रिविको केन्द्रीय कार्यालय अवस्थित कीर्तिपुरको जग्गा र भवन भएको अनधिकृत अतिक्रमण र कब्जालाई लिन सकिन्छ । यस समस्याको समाधानका लागि संघीय सरकारबाट नै 'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति' गठन गरी खोजबिन प्रतिवेदन बुझाइएको र सार्वजनिक समेत भइसकेको छ ।

प्रतिवेदनले त्रिविको भौतिक सम्पत्तिको व्यवस्थापन पक्ष चिन्ताजनक रहेको कुरा औंल्याएको छ । समितिले दिएको रायसुझाव अनुरूप प्रतिवेदन कार्यान्वयन गर्ने त्रिविले अग्रसरता पनि देखाएको छ । यो अग्रसरता पहिले जस्तो सूचना प्रकाशनमा मात्र सीमित नरहोस् भन्ने सबै शुभचिन्तकहरूको कामना छ । अतिक्रमित जग्गा-जमिन र भवनहरू आफ्नै मातहतमा ल्याउन त्रिवि हदैसम्मको कठोर बन्न आवश्यक छ । यसको लागि हाल राष्ट्रिय परिस्थिति समेत अनुकूल छ । काठमाडौं मात्र होइन, देशैभरिका क्याम्पसहरूमा सयौं रोपनी जग्गा कब्जा भइसकेको अवस्था छ । उदाहरणको लागि काठमाडौंको नैकापमा त्रिभुवन विश्वविद्यालयका लागि प्राप्त १२५ रोपनी जग्गाका विषयमा सम्मानित सर्वोच्च अदालतले २०७४ साल भदौ ७ गतेको फैसलामा उक्त जग्गा त्रिविकै रहेको र विश्वविद्यालय आफ्नो सम्पत्ति संरक्षण गर्न 'निदाएको' भन्ने आशयको वाक्यांश प्रयोग गरेको छ भने, जग्गा खोजबिन समितिले समेत यसका विषयमा उल्लेख गरेको छ । हाल उक्त जग्गामा व्यक्तिको लालपुर्जा समेत रहेको भन्ने सुन्नमा आएको छ, वास्तविकता विश्वविद्यालयले नै प्रमाणित गर्ला । विश्वविद्यालयको जग्गा व्यक्तिको नाममा लालपुर्जा कसरी बन्यो र पुग्यो, यसको लागि सम्बन्धित सरकारी निकायसँग तथ्य प्रमाण लिई आफ्नो सम्पत्तिको संरक्षण गर्नुपर्ने होइन र ? यो एक प्रतिनिधिमूलक उदाहरण हो भने यस्तो समस्या देशैभरिका क्याम्पसहरूमा छन् ।

(साभार: अनलाइनखबर)

# महालेखाले औँल्याएका बेरुजु सम्बन्धमा लेखा समितिले मापदण्ड बनाउने

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनले औँल्याएका बेरुजुको सम्बन्धमा कारबाही गर्न बागमती प्रदेशसभाको सार्वजनिक लेखा समितिले अध्ययन तथा मापदण्ड बनाउने भएको छ ।

सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको कार्यालयको चौथो, पाँचौ र छैठौं वार्षिक प्रतिवेदनले औंल्याएका बेरुजुको सम्बन्धमा निर्णय गर्न अध्ययन तथा मापदण्ड बनाउन दुईवटा उपसमिति गठन गरेको हो । उपससमितिलाई प्रदेश सरकारको बेरुजुका सम्बन्धमा निर्णय गरिने सिद्वान्त, नीतिगत सुधार, कानून अभाव, कारवाही, बेरुजुको हालको अवस्था र निर्णय हुनुपर्ने व्यवस्थालगायत अध्ययन तथा मापदण्ड निर्धारण गर्ने जिम्मेवारी दिने गरी सार्वजनिक लेखा समितिको बैठकले निर्णय गरेको समिति



सभापति श्रीराम लामिछानेले जानकारी दिएका छन् ।

उपसमितिहरु प्रदेशका विभिन्न मन्त्रालय तथा निकायसँग छलफलसँगै उपसमितिका संयोजकले आवश्यकता अनुसार समितिका प्रदेशसभा सदस्य र विज्ञसमेत बैठकमा आमन्त्रण गर्न सक्ने गरी निर्णय गरिएको छ । प्रदेशसभा सदस्य मातृकाप्रसाद भट्टराईको संयोजकत्वमा प्रदेशसभा सदस्यहरु केशवप्रसाद पोखरेल, माया कार्की र प्रेमबहादुर पुलामी रहेको उपसमिति बनाइएको हो । उपसमितिले हेर्ने बेरुजुका बारेमा हेर्ने मन्त्रालय र निकायमा प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र प्रदेश नीति तथा योजना रहेको छ ।

प्रदेशसभा सदस्य रामेश्वर श्रेष्ठको संयोजकत्वमा प्रदेशसभा सदस्य इन्द्रप्रसाद गोतामे, कृष्णप्रसाद सिलवाल र माया श्रेष्ठ रहेको अर्को उपसमिति बनाइएको छ । यस उपसमिति हेर्ने मन्त्रालय/निकाय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, प्रदेश लोकसेवा आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालय रहेको छ ।

समितिका सभापति लामिछानेले दुवै उपसमितिले प्रदेशका मन्त्रालय र निकायको महा लेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनले औँल्याएका बेरुजुको कारण, बेरुजु फछ्र्यौट नहुनु, कार बाही, नीतिगत सुधारलगायत सन्दर्भमा अध्ययन गरी मापदण्ड बनाएर समितिलाई सुझाव बुझाउने जिम्मेवारी दिइएको बताए ।

# मेलमिलाप अभ्यास र पर्यटनलगायत विषयमा अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ भीमफेदी गाउँपालिकाको न्यायिक समितिले मनाङ जिल्लास्थित चामे गाउँपालिकाको कार्यालयमा अन्तर क्रिया गरेको छ । कार्यक्रममा मेलमिलाप प्रणाली, पर्यटन प्रवर्द्धन लगायत पालिकाको विविध विषयमा छलफल गरिएको हो ।

कार्यक्रममा भीमफेदी गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक सञ्जीव श्रेष्ठ, न्यायिक समिति सदस्य उदयप्रसाद हटवाल, न्यायिक सहजकर्तालगायत पालिकाका विभिन्न शाखाप्रमुख तथा स्थानीय मेलमिलापकर्ताको सहभागिता रहेको थियो । चामे गाउँपालिका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत बिनुदेवी शर्माले पालिकाको भौगोलिक अवस्था, प्रशासनिक अभ्यास तथा समग्र विकास गतिविधिबारे जानकारी गराएकी थिइन् । उनले मनाङका चार पालिकामध्ये जिल्ला सदर मुकाममा रहेको चामे गाउँपालिकाको न्यायिक समितिमा हालसम्म कुनैपनि विवाद दर्ता नभएको उल्लेख गरिन् ।

भीमफेदी गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्रेष्ठले भीमफेदीको भौगोलिक अवस्था, विकासका पहल तथा न्यायिकक्षेत्रमा भएका कामको अनुभव प्रस्तुत गरेका थिए । उपाध्यक्ष श्रेष्ठले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानमार्फत् पालिकाले उदाहरणीय काम गरेको उल्लेख गर्दै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो गाउँपालिका भएको बताए । पालिकाको नौवटै वडामा स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी अधिकारक्षेत्रभित्रका विवाद वडास्तरमै समाधान हुँदै आएको जानकारी दिए ।

भीमफेदी गाउँपालिका न्यायिक सहजकर्ता कल्पना दुलालले वार्षिकरुपमा नौवटै वडाबाट करिब एक सयजति विवाद दर्ता हुने गरेको जानकारी दिँदै वडाबाट मेलमिलाप हुन नसकेका तथा न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवाद गाउँपालिकाको न्यायिक समितिमा छलफल र समाधानका लागि आउने गरेको बताइन् । कार्यक्रममा सहभागीले स्थानीय तहबीच अनुभव आदानप्रदानले न्यायिक सेवाप्रवाह, सामुदायिक मेलमिलाप प्रणाली तथा पर्यटन प्रवर्द्धनका पहललाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरेका छन् ।

# हेटौंडाका पसलहरुमा जिल्ला प्रशासनका टोलीको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ भीमफेदी गाउँपालिकाको न्यायिक समितिले मनाङ जिल्लास्थित चामे गाउँपालिकाको कार्यालयमा अन्तरक्रिया गरेको छ । कार्यक्रममा मेलमिलाप प्रणाली, पर्यटन प्रवर्द्धन लगायत पालिकाको विविध विषयमा छलफल गरिएको हो ।

कार्यक्रममा भीमफेदी गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक सञ्जीव श्रेष्ठ, न्यायिक समिति सदस्य उदयप्रसाद हटवाल, न्यायिक सहजकर्तालगायत पालिकाका विभिन्न शाखाप्रमुख तथा स्थानीय मेलमिलापकर्ताको सहभागिता रहेको थियो । चामे गाउँपालिका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत बिनुदेवी शर्माले पालिकाको भौगोलिक अवस्था, प्रशासनिक अभ्यास तथा समग्र विकास गतिविधिबारे जानकारी गराएकी थिइन् । उनले मनाङका चार पालिकामध्ये जिल्ला सदर मुकाममा रहेको चामे गाउँपालिकाको न्यायिक समितिमा हालसम्म कुनैपनि विवाद दर्ता नभएको उल्लेख गरिन् ।

भीमफेदी गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्रेष्ठले भीमफेदीको भौगोलिक अवस्था, विकासका पहल तथा न्यायिकक्षेत्रमा भएका कामको अनुभव प्रस्तुत गरेका थिए । उपाध्यक्ष श्रेष्ठले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानमार्फत् पालिकाले उदाहरणीय काम गरेको उल्लेख गर्दै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो गाउँपालिका भएको बताए । पालिकाको नौवटै वडामा स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी अधिकारक्षेत्रभित्रका विवाद वडास्तरमै समाधान हुँदै आएको जानकारी दिए ।

भीमफेदी गाउँपालिका न्यायिक सहजकर्ता कल्पना दुलालले वार्षिकरुपमा नौवटै वडाबाट करिब एक सयजति विवाद दर्ता हुने गरेको जानकारी दिँदै वडाबाट मेलमिलाप हुन नसकेका तथा न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवाद गाउँपालिकाको न्यायिक समितिमा छलफल र समाधानका लागि आउने गरेको बताइन् । कार्यक्रममा सहभागीले स्थानीय तहबीच अनुभव आदानप्रदानले न्यायिक सेवाप्रवाह, सामुदायिक मेलमिलाप प्रणाली तथा पर्यटन प्रवर्द्धनका पहललाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरेका छन् ।

# आकस्मिक प्रधानन्यायाधीश, न्यायिक सन्तुलनको अग्निपरीक्षा




काठमाडौं/संसदीय सुनुवाइ समितिबाट सर्वसम्मत अनुमोदन भएपछि डा. मनोजकुमार शर्मा मुलुकको ३३ औं प्रधानन्यायाधीश नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलबाट नियुक्तिपत्र बुझेलगत्तै शर्माले शपथग्रहण समेत गरे । नेपालको संविधानको धारा १२९(४)मा भएको व्यवस्था अनुसार नवनियुक्त प्रधानन्यायाधीश शर्मा ४ जेठ, २०८९ सालसम्म प्रधानन्यायाधीश हुनेछन् । उक्त धारामा प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुने व्यवस्था छ ।

डा. शर्मा प्रधानन्यायाधीशमा सिफारिस हुँदा कयौं परम्पराहरू क्रमभङ्ग भएका छन् । २०२० सालमा भगवतीप्रसाद सिंह र २०३३ सालमा नयनबहादुर खत्रीको प्रधानन्यायाधीश नियुक्तिलाई अपवाद मान्ने हो भने डा. शर्मा सबैभन्दा लामो समय न्यायपालिकाको नेतृत्व गर्ने व्यक्ति बन्नेछन् । प्रधानन्यायाधीशको रोलक्रमका र चौथो वरीयतामा रहेका उनी प्रधानन्यायाधीशमा सिफारिस भएर सर्वसम्मत अनुमोदित समेत बनेका हुन् । कार्यभार ग्रहण पछि सर्वोच्च अदालतमा सञ्चार कर्मीहरूसँग प्रतिक्रिया दिँदै नवनियुक्त प्रधानन्यायाधीश शर्माले न्यायपालिकाको स्वतन्त्रताका लागि आफूले कुनै सम्झौता नगर्ने स्पष्ट पारे । उनले न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता र न्याय सम्पादनमा कुनै प्रकारको हस्तक्षेप स्वीकार नहुने सन्देश दिए । उनले सञ्चारकर्मीहरु सामु भने, 'यस विषयमा कसैले कुनै शंका राख्नुपर्ने अवस्था आउने छैन । साथै, त्यस्तो शंका उत्पन्न हुने कुनै पनि कार्य मबाट हुने छैन र हुन दिइने पनि छैन भन्ने पूर्ण रूपमा विश्वास दिलाउन चाहन्छु ।'

### स्थिर कार्यकाल र सन्तुलनको जोखिम

अस्थिर रूपमा बारम्बार परिवर्तन हुनुको साटो स्थिर प्रकृतिको नेतृत्व बलियो त हुन्छ नै, त्यसले राज्यका निकायलाई कुनै दिशामा अघि बढाउने सम्भावना पनि र हन्छ । स्थिरताबाट निरंकुश हुने जोखिममा रहेका नेतृत्वलाई राज्यका अरु अंगहरूले नियन्त्रण र सन्तुलन कायम गर्छन् । यसपटकको संयोग कस्तो भने, २०७४ सालमा तत्कालीन नेकपाको बहुमत सरकारले स्थिर बनाएका बेला देखिएको परिदृश्य यसपालि पनि दोहोरिँदो छ । त्यतिबेला दुई तिहाइको सुविधासहित प्रधानमन्त्री केपी शर्मा ओलीले शक्तिशाली सरकार सञ्चालन गरेका थिए । ठीक त्यही आसपासको समयमा न्यायपालिकाले पनि लामो कार्यकालसहितको प्रधानन्यायाधीश पाएको थियो ।

प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशीको नाम अनुमोदन हुन नसक्दा उनको समेत सम्भावित कार्यकाल न्यायपालिकाको नेतृत्व गर्न पाउने गरी चोलेन्द्रशमशेर जबरा प्रधानन्यायाधीश बनेका थिए । तर प्रधानमन्त्री केपी शर्मा ओली र प्रधानन्यायाधीश जबराको अस्वाभाविक हिमचिम र सौदाबाजीका कारण कार्यपालिका निरंकुशताको बाटोमा हिँड्यो भने न्यायपालिका समेत विवादमा तानियो । कानुन व्यवसायीहरूको आन्दोलन र महाभियोगपछि जबरा निलम्बित अवस्थामा नै बिदावारी भए । जसको पेन्सनपट्टा अहिलेसम्म बनेको छैन ।

ठीक त्यतिबेलाभैँ रास्वपाको झण्डै दुई तिहाइ मतसहित बालेन शाह प्रधानमन्त्री बनेका छन् । र, लो प्रोफाइलमा बसेर नियमित रूपमा न्यायसम्पादन गरिरहेका र न्यायिक मत र सिद्धान्त प्रतिपादनमा उतिसाह्रो अग्रसर नदेखिएका न्यायाधीश डा. मनोजकुमार शर्मालाई अस्वाभाविक रूपमा प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको छ । शक्तिशाली कार्यपालिका र उसकै क्रमभंगतायुक्त निर्णयले प्रधानन्यायाधीश बनेका डा. शर्माले न्यायिक स्वतन्त्रता र न्यायसम्पादनलाई सत्ताको छायामा पार्ने त होइनन् भन्ने आशंका पनि उब्जिएका छन् ।

संसदीय सुनुवाइमा त्यही आशंका अघि सार्दै सांसद पदमा अर्यालले भनिन्, 'अब न्यायपालिकाले कार्यपालिकाका गलत निर्णयमाथि प्रहार गर्न सक्छ ?' यता नेपाल बार एसोसिएसनले पनि यही नियुक्तिको प्रक्रियामा प्रश्न उठाउँदै विरोध प्रदर्शन गरेको छ । दशकौंदेखि न्यायपालिकामा राजनीतिक भागबण्डा मौलाएको र न्यायसम्पादनमा त्यसको प्रभाव देखिएको निष्कर्ष निकाल्ने संवैधानिक कानुनविद् काशीराज दाहाल नयाँ न्यायिक नेतृत्व त्यो आरोपबाट जोगिनुपर्ने बताउँछन् ।

न्यायकर्मीहरूले आफ्नो निष्पक्षता कायम राखेर विश्वास बढाउनुपर्ने भन्दै उनले तुलनात्मक रूपमा स्थिर राज्यका प्रमुख निकायहरू दुई पाटोबाट सन्तुलित हुनुपर्ने देख्छन् । नियुक्तिमा शंका गर्ने एउटा तप्काले उनका हरेक आदेश र निर्णयमाथि शंका गर्नेछन् । न्यायिक मत र दृष्टिकोणबाट उनीहरूलाई न्यायपालिका स्वतन्त्र र निष्पक्षताको विश्वास दिलाउनु प्रधानन्यायाधीश शर्माका लागि कठिनाइयुक्त काम हो । 'पहिलो न्यायपालिकालाई संवैधानिक सर्वोच्चताको कसीमा अघि बढाउनुको विकल्प छैन, विधिको शासन लागु गर्न न्यायपालिकाको अहं भूमिका हुनुपर्छ,' प्रशासकीय अदालतका अध्यक्ष भइसकेका दाहाल थप्छन्, 'दोस्रो, संविधानप्रदत्त मौलिक हक र नागरिक अधिकार रक्षाका लागि अदालत अविभावकिय भूमिकामा रहनैपर्छ । यी दुई पक्षलाई सन्तुलनमा राख्नासाथ न्यायपालिकाप्रतिको विश्वासमा सुधार हुनथाल्छ ।'

### सहकर्मीहरूबाट विश्वास आर्जन गर्ने चुनौती

प्रधानन्यायाधीशका काम कारबाहीका दौरान न्यायाधीशहरू विभाजित भएका घटनाहरू पटकपटक दोहोरिएका छन् । तर संवैधानिक परिषद्बाट प्रधानन्यायाधीश सिफारिस हुनासाथ सर्वोच्च अदालतका न्यायाधीशहरू एकाएक यो हदसम्म विभाजित भएका थिएनन् । प्रधानन्यायाधीश सिफारिसपछिका करिब दुई साताको अवधिमा सर्वोच्च अदालतका न्यायाधीशहरू दुई खेमामा विभाजित भएका छन् भने उनीहरूको मतभेद न्याय सम्पादनबाट व्यक्त हुने न्यायिक दृष्टिकोणहरूमा देखिन थालेको छ ।

कतिपय रिट निवेदनहरू दर्ताकै विषयमा कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले लिखित रूपमा नै प्रशासनिक प्रकृतिको आदेश जारी गर्नुपऱ्यो, रिट निवेदन दर्ताको विषयमा न्यायप्रशासन नै निष्क्रिय बन्यो, जसको नेपाल बार एसोसिएसनले पनि विरोध गरेको छ । प्रधानन्यायाधीशमा नियुक्ति लगत्तै शर्माले मुलुकको न्यायपालिकाको नेतृत्व त लिन्छन् नै, तर उनलाई आफूभन्दा अघि रोलक्रममा अघि रहेका सहित अरु न्यायाधीशहरूले कसरी स्वीकार्लान् ?

संवैधानिक इजलास गठन, प्रशासनिक जिम्मेवारी बाँडफाट लगायतमा सहकर्मीहरूलाई सन्तुलित व्यवहार गर्नु उनका लागि चुनौती छ । र, न्यायकर्मीहरू एकबद्ध रहेको सन्देश दिन उनले आफ्नै नियुक्तिमाथि प्रश्न उठाउने न्यायाधीशहरूलाई समेत उनले भेदभावरहित व्यवहार कायम राख्नुपर्नेछ । सर्वोच्च अदालत बार एसोसिएसनका सचिव रमण कर्ण न्यायाधीशहरूबीच एक आपसको विश्वासको संकटलाई व्यक्तिगत विषय भन्न रुचाउँछन् । उनको बुझाइमा न्यायाधीशहरूका व्यक्तिगत इच्छा र अंह न्यायसम्पादनमा गौण हुनुपर्छ ।

'न्यायसम्पादनमा त सबै समान हैसियतका हुन् । प्रधानन्यायाधीशको मत र अरु न्यायाधीशको मत समान हैसियतको हो', उनी भन्छन्, 'न्यायसम्पादनमा आपसी मतभेद प्रकट हुनु भनेको न्यायग्राहीलाई अन्याय गर्नु हो । त्यसैले अब न्यायकर्मीहरू एक भएको सन्देश प्रवाह हुनुपर्छ ।' आफ्नो क्षमताको अधिकतम उपयोग गर्दै विभाजित र असन्तुष्ट बनेका सबै सहकर्मी न्यायाधीशहरूलाई विश्वासमा लिएर मुलुकको न्यायपालिका सञ्चालन गर्नु उनका लागि चुनौतीपूर्ण छ ।

'सहकर्मीहरूसँगको सम्बन्ध र व्यवहार मात्रै भएन, अहिले त बार विभाजित छ । कानुन व्यवसायी लालटिन बालेर हिँडेका छन्', संवैधानिक कानुनविद काशीराज दाहाल थप्छन्, 'प्रधानन्यायाधीशले आफ्नो इमान्दारिताप्रति आश्वस्त बनाएर कानुन व्यवसायीहरूसँग सम्बन्ध सुधार गर्न सक्नुपर्छ ।' मंगलबारको संसदीय सुनुवाइमा सांसदहरूले छिटोछरितो न्यायसम्पादनका लागि प्रस्तावित प्रधानन्यायाधीशको ध्यानाकर्षण गराए । जवाफमा डा. मनोज शर्माले विभिन्न क्षेत्रगत सुधार र सूचना प्रविधिको प्रयोगबाट छिटोछरितो न्यायसम्पादन गर्ने प्रतिबद्धता जनाए । विगतको भन्दा गुणत्मक न्यायसम्पादन गरेर आफ्नो नियुक्ति औचित्यपूर्ण थियो भन्ने पुष्टि गराउनु प्रधानन्यायाधीश डा. शर्माका लागि सबैभन्दा ठूलो चुनौती हो ।

विगतमा उनले यदाकदा प्रकाशन समितिको चयनपूर्ण शैलीका कारण आफ्ना फैसलाहरू कानुन पत्रिकामा उतिसाह्रो प्रकाशित हुन नसकेको गुनासो गर्थे । अब भने उनी नै संवैधानिक इजलासको नेतृत्व गर्ने भूमिकामा छन् र आफू संलग्न भएका अरु सबै खालका इजलासको नेतृत्व समेत गर्नेछन् । त्यसक्रममा समेत उनले न्याय निरुपण र न्यायिक मत प्रतिपादनमा पनि अग्रसरता देखाउनुपर्नेछ । किनभने, प्रधानन्यायाधीश न्यायपालिकाको प्रशासनिक अगुवा मात्रै होइन, न्यायिक मत र दृष्टिकोण प्रतिपादनको अगुवा समेत हो भन्ने मान्यता राखिन्छ । नवनियुक्त प्रधानन्यायाधीशले प्रतिबद्धता जनाएपछि न्यायपालिकाको संस्थागत सुधार र छरितो न्यायसम्पादन चुनौतीरहित भने देखिँदैन । सर्वोच्च अदालतमा तीनजना न्यायाधीश रिक्त छन् । उच्च अदालतहरूमा पनि समयमा न्यायाधीशहरूको पदपूर्ति हुन सकेको छैन । मुलुकको न्यायपालिकामा करि ब सात हजार कर्मचारी रहेकोमा अझै १० प्रतिशत अपुग छन् । हरेक वर्ष मुद्दाको अनुपात बढ्दै गएको अवस्थामा छिटोछरितो न्यायसम्पादन र पुराना मुद्दा फर्स्यौट गर्ने प्रयास चुनौतीपूर्ण बनिरहेको छ ।

नेपाल बार एसोसिएसनका उपाध्यक्ष तेजबहादुर रावल जनअपेक्षा अनुसार अदालतमा मुद्दाको चाप घटाउनु र छिटोछरि तो न्याय दिनु नयाँ न्यायिक नेतृत्वका लागि चुनौती देख्छन् । 'सीमित स्रोतसाधनकाबीच छिटोछरितो न्याय दिनु र अदालतका विकृति विसंगति हटाउनु उहाँका लागि चुनौती नै हो', रावल भन्छन्, 'सेवाग्राही र कानून व्यवसायीहरू समेत न्यायप्रशासनमा व्याप्त भ्रष्टाचार र विसंगतिले हैरान छन् । अब जनताले महशुस गर्नेगरी सुधार हुनुपर्नेछ ।'

पूर्वप्रधानन्यायाधीश दामोदरप्रसाद शर्माका भतिजा नाता पर्ने डा. शर्माले संसदीय सुनुवाइका दौरान 'नेपो-बेबी' सम्बन्धी प्रश्नको सामना गर्नुपऱ्यो । शर्माकै कार्यकालमा तत्कालीन पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशमा नियुक्त शर्मा नयाँ संविधान जारी भएपछि पदमा निरन्तर रहन सकेनन् । चोलेन्द्र शमशेर जबरा प्रधानन्यायाधीश भएकै बेलामा उनी सर्वोच्च अदालतका न्यायाधीश बनेका हुन् ।

नियुक्तिकर्ताहरूको पृष्ठभूमि, यदाकदाको संगत र अरु कारणले नवनियुक्त प्रधानन्यायाधीश शर्मामाथि निष्ठा र नैतिकताको प्रश्न उठ्ने गर्छ । संसदीय सुनुवाइकै बेलामा लेनदेनको आरोपमा मौन बसेपनि दोस्रो प्रश्नपछि भने उनले आफूमाथिको आरोप इन्कार गर्दै भने, 'त्यस्तो आरोप सरासर झुटो हो । पीएचडीको आरोपमा पनि कुनै सत्यता छैन ।'

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

भर्ना हुने कार्यक्रमहरु
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy

CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्ष्टिच्यूट मा भर्ना हुन सक्ने छन

फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते बुधबार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

### संविधानप्रदत्त नागरिक स्वतन्त्रता र जवाफदेही सरकारको पक्षमा काम गर्ने

# ३३ बुँदे संकल्प गर्दै कांग्रेस बागमती प्रदेशस्तरीय भेला सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/नेपाली कांग्रेसको बागमती प्रदेशस्तरीय भेला 'बागमती संकल्प' जारी गर्दै सम्पन्न भएको छ । काभ्रेको धुलिखेलमा सोमबारदेखि सुरु भएको दुईदिने 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेला' मंगलबार ३३ बुँदे 'बागमती संकल्प' जारी गर्दै सम्पन्न भएको हो ।

भेलाले संविधानप्रदत्त नागरिक स्वतन्त्रता, हक र अधिकारलाई संरक्षण गर्दै नागरिकमुखी नीतिमार्फत् उत्तरदायी र जवाफदेही सरकारको रुपमा थप प्रभावकारी ढंगले कार्य गर्ने पहिलो संकल्प गरेको छ । असल शासन, विधि र जवाफदेहीतालाई एकअर्काका परिपुरकरुपमा लिँदै विधिमा टेकेर मात्र निर्णय गर्ने मान्यतामा दृढ रहँदै भेलाले पछिल्ला दिनमा संघीय सरकारबाट भइरहेका अलोकतान्त्रिक र अमर्यादित कार्यप्रति चिन्ता व्यक्त गरेको छ । 'संघीय सरकारलाई संविधानको मर्म र भावना, विधि



प्रक्रिया, नागरिकको आत्मसम्मान र मानवीयतालाई केन्द्रमा राख्न ध्यानाकर्षण गराउने,' भेलाको दोस्रो संकल्पमा उल्लेख छ ।

कांग्रेसको नेतृत्वमा बागमती प्रदेश सरकार र स्थानीय सरकारले सुरु गरेका असल अभ्यास र नवीन सिर्जनात्मक अभियानलाई सूचीबद्ध गरी नागरिकपंक्तिमा पुर्‍याउने र एक स्थानीय तहले गरेका असल अभ्यासलाई अन्य स्थानीय तहमा ग्रहण गर्ने भेलाले निष्कर्ष निकालेको छ । 'संघीयता र संविधानको मर्मबमोजिम समन्वय, सहकार्य र सहअस्तित्वको 'तीन स' अनुरुप समुन्नतिको मार्गमा अगाडि बढ्न संघीय सरकारलाई अपिल गर्दै त्यसमा आफू समर्पित रहने संकल्पको ३२ औं बुँदामा भनिएको छ ।

पार्टीको संगठन सुदृढीकरण गर्न र डिजिटल अभिलेखमार्फत् सदस्यको योगदानलाई लिपिवद्ध गर्न तथा पार्टी अभियानमा आमसदस्यलाई सीधै जोड्न 'जरा अभियान' अन्तर्गत चलिरहेको क्रियाशील सदस्यता अद्यावधिक अभियानमा थप सक्रिय रहन पार्टी पंक्तिलाई प्रेरित गर्ने र समयमै सम्पन्न गर्न आवश्यक सहजीकरण गर्ने संकल्प भेलाले गरेको छ । भेलामा बागमती प्रदेशसभा सदस्यहरु, स्थानीय सरकार प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा पार्टीका केन्द्र, प्रदेश, जिल्ला, क्षेत्र एवं स्थानीय तहका पदाधिकारीको सहभागिता रहेको थियो ।

कांग्रेसले जेठ ६ र ७ गते महोत्तरीको बर्दिबासमा मधेश प्रदेशस्तरीय, जेठ ८ र ९ गते सुनसरीको लौकीमा कोशी प्रदेश स्तरीय तथा जेठ १४ र १५ गते रुपन्देहीको तिलोत्तमामा लुम्बिनी प्रदेशस्तरीय भेला गर्ने कार्यतालिका रहेको छ । सुदूरपश्चिमको धनगढीबाट सुरु भएको कांग्रेसको 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेला' यसअघि गण्डकी र कर्णाली प्रदेशमा आयोजना गरिएको थियो ।

# बागमतीमा बजेट निर्माणको लागि सुझाव संकलन सुरु

साझाकुरा संवाददाता



हेटौंडा, ५ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारीसँगै सुझाव संकलन थालेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आवको बजेट तथा कार्यक्रमको लागि सुझाव उपलब्ध गराउन आग्रह गरेको हो । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेश सरकारले आगामी आवको बजेट निर्माणको तयारी सुरु गरिएको जानकारी दिएका छन् । उनले प्रदेशसभाको बजेट अधिवेशन जेठको दोस्रो साता आव्हान गरी आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम ल्याउने गरी काम भइरहेको भन्दै आगामी असार १ गते बजेट ल्याउने गरी मन्त्रालयले काम गरिरहेको बताएका छन् ।

आगामी आर्थिक वर्षको बजेट र कार्यक्रमका लागि स्थानीय तह, प्रदेशसभा सदस्य प्रदेश सरकार मातहतका निकाय र मन्त्रालय हुँदै प्रदेश आयोजना बैंकमा प्रविष्ट हुनुपर्ने उनले बताए । बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य प्रारम्भ भइसकेको मन्त्री तामाङले जानकारी दिए । 'बागमती प्रदेश सरकारका आवश्यकता र प्राथमिकतामा केन्द्रित रही आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्न उपयुक्त हुने विषयमा आफ्ना सुझाव यही जेठ १५ गतेभित्र उपलब्ध गराउन अनुरोध छ' उनले बताए ।

प्रदेश सरकारको वार्षिक आयोजना प्रस्ताव र छनोटमा विकृतिसँगै पहुँचका आधारमा हुने र टुक्रे योजनाले समस्या निम्ताएपछि प्रदेश सरकारले निर्देशिका नै जारी गरी बजेट र कार्यक्रम तुर्जमालाई व्यवस्थित गर्न सुरु गरेको छ । बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बधी निर्देशिका २०८३ जारी गरिएको छ । मन्त्री तामाङले निर्देशिकाको पालना गर्दै आगामी आर्थिक वर्षको बजेट निर्माण हुने बताए । जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समिति रहने व्यवस्था निर्देशिकामा गरिएको छ ।

आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा १० करोड रुपैयाँसम्मका आयोजना दुई आर्थिक वर्षभित्र, १० करोडदेखि २० करोड सम्मका आयोजना बढीमा तीन वर्षभित्र, २० करोडदेखि ५० करोडसम्मका आयोजना चार वर्षभित्र र ५० करोड रुपैयाँभन्दा माथिका जुनसुकै लागतका आयोजना बढीमा पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी विकाससँग सम्बन्धित नयाँ आयोजना प्रस्ताव गर्दा साना खानेपानी तथा साना सिँचाइ आयोजना न्यूनतम २० लाख रुपैयाँ र लिफ्ट सिँचाई, लिफ्ट खानेपानी, सडक तथा पुल पूर्वाधार, भवन, पार्क, मन्दिर, तटबन्धलगायतका पूर्वाधार न्यूनतम ५० लाख रुपैयाँसम्मको गर्न सकिने प्रावधान रहेको छ ।

# ज्योति माविमा ११ कक्षामा नि:शुल्क अध्ययनको व्यवस्था



साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/हेटौंडा उपमहानगरपालिका-१८ हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयमा कक्षा ११ मा नि:शुल्क अध्ययनको व्यवस्था गरिने भएको छ ।

शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा अभिभावकबाट कुनै शुल्क नलिई विद्यालयमा अध्ययनको व्यवस्था मिलाइने भएको हो । माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा यो विद्यालयबाट सहभागी ग्रेडेड भएका विद्यार्थी र अभिभावकलाई प्रशंसापत्र तथा उत्कृष्ट नतिजा ल्याउन योगदान गर्ने शिक्षकको विद्यालयमा आयोजित सम्मान कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँले ११ कक्षामा नि:शुल्क शिक्षाको घोषणा गरेका हुन् ।

उनले शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा विद्यालय अध्ययन गर्ने विद्यार्थीलाई नि:शुल्क शिक्षाको व्यवस्था गर्ने भन्दै विद्यार्थीले तिर्नुपर्ने सबै शुल्क वडा कार्यालयले व्यहोर्ने बताए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष हर्क रम्तेलले शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई नि:शुल्क शिक्षाको व्यवस्था हुने घोषणा गरेको जानकारी दिँदै नि:शुल्क शिक्षाले अध्ययन गर्न चाहने तर, आर्थिकरुपमा विपन्न विद्यार्थीलाई सहयोग पुग्ने बताए ।

यो विद्यालयमा हाल कक्षा ११ र १२ मा व्यवस्थापन र शिक्षा तथा सिटिइभिटीतर्फ सूचनाप्रविधि विषयमा तीन वर्षे डिप्लोमाको अध्यापन हुँदै आएको छ । विद्यालयमा कक्षा १२ मा हाल २४ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा ६५ जना विद्यार्थी सहभागी भएकोमा ४१ जना ग्रेडेड भएका थिए ।

# २१ किलो गाँजासहित पर्साका हजरा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ मकवानपुर प्रहरीले २१ किलो ३ सय १० ग्राम लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिका वडा नम्बर ४ बस्ने ६० वर्षीय लक्कीचन हजरा रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरअन्तर्गत प्रहरीचौकी बसपार्कबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-१० बसपार्कक्षेत्रमा गस्ती गर्ने क्रममा उनलाई शंकास्पद अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

प्रहरीले उनको शरीर तथा साथमा रहेको झोलाको खानतलासी गर्दा झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा यो परिमाणको गाँजा बरामद गरेको जनाएको छ । बरामद गरिएको गाँजा नियन्त्रणमा लिएर प्रहरीले हजरालाई हिरासतमा राखेको छ । उनीमाथि लागूऔषधसम्बन्धी मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।







आकर्षक घडेरी बिक्रीमा




